दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १९६ | बुटवल | २०८३ साउन ०७ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday July 23, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# कांग्रेसमा छुट्टै भेलाको तयारी

कांग्रेसमा विशेष महाधिवेशन भएपछि असन्तुष्ट पक्षले राष्ट्रिय भेलाको तयारी गरेको छ। सभापति गगन थापाले असन्तुष्ट पक्षको माग सम्बोधन गर्न पहलकदमी नलिए कांग्रेस औपचारिक फुटको नजिक पुगेको छ।



बुटवल। विशेष महाधिवेशनपछि चर्केको कांग्रेस विवाद बल्झदै गएको छ। नेपाली कांग्रेसको संस्थापन इतर समूहले राष्ट्रिय भेलाको घोषणा गरेर फुटलाई बल दिएको छ। बीपी स्मृति दिवसको अवसरमा बुधबार छुट्टै कार्यक्रम गरेर भेलाको घोषणा गरेको हो।

साउनको २९ गते भेला आयोजना गर्ने तय भएको हो। नेता प्रकाशमान सिंहका अनुसार भेला काठमाडौंमा हुनेछ। उनले सातै प्रदेशमा भेला गरिसकेको जानकारी दिदै यो भेलापछि आफ्नो बाटो लिने बताए।

उनले १५औँ महाधिवेशन एकताको बनाउनुपर्ने पक्षमा आफूहरू रहेको बताए। विशेष र नियमित महाधिवेशनको कारणले पार्टी विभाजित अवस्थामा रहेकाले एकताबद्ध हुनुपर्ने उनको भनाइ छ। विशेष महाधिवेशनको नाममा गगन थापाले पार्टी कब्जा गरेको आरोप लगाए।

साउनभित्रमा सहमतिका लागि सभापति गगन थापाले प्रयास नगरे अर्को पार्टी घोषणा गर्ने तयारी भएको छ। पार्टी नेतृत्वले सहमतिको लागि कुनै प्रयास नगरेको आरोप नेताहरूले लगाएका छन्।

यसैबिच, बुधबार बीपी स्मृति दिवसका अवसरमा आयोजित संस्थापन इतरको कार्यक्रमलाई सम्बोधन गर्दै कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टी अहिले हुकुमी शैलीबाट चलिरहेको भन्दै आक्रोश पोखरेका छन्।

कोइरालाले कांग्रेसभित्र निरंशुकता जन्मिराखेको बताएका छन्। उनले सदस्यता अद्यावधिक किन नगरेको, किन नगराएको भन्ने नाउँमा सभापतिहरूलाई बिनास्पष्टीकरण, बिनासोधपुछ निकालिएको भन्दै विरोध गरे।

उनले भने-'कता कता नेपाली कांग्रेस पनि हुकुमी शैलीबाट चलिरहेको मैले महसुस गरिरहेको छु। अद्यावधिक किन नगरेको, किन नगराएको नाउँमा वडा सभापतिहरूलाई निकालिएको छ। नेपाली कांग्रेसका कसैलाई पनि त्यो सैह्य हुन सक्दैन।' निरंकुशताको अन्त्यका लाग नेपाली कांग्रेसको जन्म भएको बताउँदै उनले भने-'नेपाली कांग्रेसभित्र निरंकुशता जन्मिराख्या छ, त्यसको अन्त्य हामीले गर्नुपर्ने आवश्यकता छ।'

नेता कोइरालाले पार्टीभित्रको एकताका लागि धेरै समय गुज्रसकेको समेत उल्लेख गरे। सभापति गगन थापाले छिट्टै पहल गरेनन् र दुर्भाग्यपूर्ण अवस्था आयो भने त्यसको सम्पूर्ण जिम्मेवारी थापाले नै लिनुपर्ने नेता कोइरालाको भनाइ छ।

'सभापतिजीले छिट्टै पहल गर्नुभएन र दुर्भाग्यपूर्ण अवस्था आयो भने त्यसको सम्पूर्ण जिम्मेवारी सभापतिले लिनुपर्छ। सभापतिजी व्यक्तिवादी चरित्र छोड्नुस्, स्वार्थीपन छोड्नुस्, कसैको इसारामा नहिँड्नुस्।'- उनले भने।

पूर्वउपसभापति विमलेन्द्र निधिले विशेष महाधिवेशन गरेर पार्टी विभाजन गरिएको बताएका छन्। उनले कांग्रेसलाई अदालतको निर्णयबाट विभाजित गरिएको टिप्पणी गरे। विशेष महाधिवेशनका सन्दर्भमा निर्वाचन आयोग र अदालतले गरेको निर्णय आफूहरूलाई स्वीकार्न गाह्रो भएको समेत निधिको भनाइ छ।

यति हुँदाहुँदै पनि पार्टी एकताको कुनै बाटो निस्किन सक्छ कि भनेर आफूहरूले पटक-पटक प्रयास गरेको निधिको भनाइ छ। उनले पार्टीभित्र एकताको जरुरी रहेको समेत बताए। तर, साउनभित्र एकता नभए नयाँ कार्यदिशातिर जान बाध्य हुने निधिको चेतावनी छ।

'गगन थापालाई सभापति मानेकै हुन्छौं। विशेष महाधिवेशनबाट आएको केन्द्रीय समितिलाई मानेकै हुन्छौं। हामीले उहाँहरूलाई मान्दा पनि, उहाँलाई (गगन थापालाई) सभापति मान्दा पनि चित्त बुझेको छैन भने यो दुर्भाग्यपूर्ण कुरा मात्र होइन अज्ञानता पनि हुन्छ। यो अपरिपक्वता पनि हुन्छ', निधिले भने-'हाम्रा धारणाहरू जुन छन् त्यसलाई स्वीकार गरेर पार्टी एक बनाऔं र देशमा मडारिन खोजेको खतरालाई एक भएर सामना गरौं। साउनको अन्तिम समयसम्म पनि एकता भएन भने नयाँ कार्यदिशातिर हामी जानुपर्ने बाध्य हुन्छौं।'

उनले नेपालमा आधुनिक र लोकतान्त्रिक राज्यको निर्माता बीपी कोइराला रहेको स्मरण गरे। नेपाली राजनीतिमा बीपीले प्रजातान्त्रिक समाजवादी विचारधाराको प्रवेश गराएको निधिको भनाइ छ।

निधिले केही व्यक्तिहरूले रास्वपाभन्दा पहिले कांग्रेसले सामाजिक लोकतन्त्रको एजेन्डा लिएको भनेर लेखिरहेको भन्दै यदि त्यसो हो भने त्यो परिवर्तन नभइ पश्चगमन रहेको टिप्पणी गरे।

# सरकारी विज्ञापनमा विभेद नगर्न सर्वोच्चको आदेश



बुटवल। फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्च अदालतले सरकारी विज्ञापन निजी मिडियालाई विभेद नगर्न नेपाल सरकारलाई आदेश दिएको छ। असार ३० मा भएको फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले विज्ञापनमा विभेदको अन्त्य गरिदिएको हो। २०८२ चैत १८ को निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय उत्प्रेषणको आदेशले समेत सर्वोच्चले बदर गरिदिएको हो।

फैसलाको पूर्णपाठमा भनिएको छ-'सरकारले सार्वजनिक तथा निजी सञ्चार माध्यमलाई विभेदपूर्ण व्यवहार गर्न, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रशारण गर्दा भेदभाव नगरी व्यवहार गर्न मिल्ने कानुनी व्यवस्था नियमन गर्ने ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा प्रतिकूल असर गर्नेगरी प्रत्यर्थीबाट मिति २०८२/१२/१८ को निर्णयलाई संविधान र कानुन अनुकूलको मान्न मिलेन। तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवबाट मिति २०८२/१२/१८ को विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकोले नेपालको संविधानको धारा १३३(२)र(३) बमोजिम उत्प्रेषणको आदेशद्धारा बदर हुने ठहर्छ।'

फैसलाको पूर्णपाठ सार्वजनिक भएपछि मिडियामा विभेदको अन्त्य मात्रै नभई नेपालको मिडिया उद्योगलाई बचाउने सञ्जिवनीको बुटीको कार्य सर्वोच्चको फैसलाले गरेको प्रतिक्रिया मिडिया सोसाइटिका अख्तियारप्राप्त अधिवक्ता लुईंटेलले दिएका छन्। 'सरकारी र निजी गरी दश अर्बको बजेट रहेको नेपाली मिडिया विज्ञापनको अर्थतन्त्र अब समानुपातिक रुपमा विभाजन हुने भएकोले निजी मिडिया विज्ञापन नपाएकै कारणले मर्नुपर्ने अवस्थाबाट जोगिएको छ।'- लुईंटेलले भने। चैत १८ को विभेदकारी निर्णय तथा परिपत्र बदरको माग गर्दै मिडिया सोसाइटिका अख्तियारप्राप्त अधिवक्ता लुईंटेलले सर्वोच्च अदालतमा चैत २४ मा रिट निवेदन दायर गरेका थिए। सो रिटउपरको अन्तिम सुनुवाइ असार २२ र २३ मा सम्पन्न भएको थियो।

नेपाल मिडिया सोसाइटीका तर्फबाट बहस गर्दै नेपाल बार एशोसिएशनका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता प्राडा विजयप्रसाद मिश्र, पूर्व महान्यायाधीवक्ता रमेश बडाल तथा वरिष्ठ अधिवक्ताहरु शतिसकृष्ण खरेल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी र निवेदक अधिवक्ता लुईंटेल तथा अधिवक्ताहरु विकास भट्टराई, किर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुईंटेल, रामप्रसाद पुडासैनी र डा. प्रेमराज सिलवाललगायतले विभेदकारी विज्ञापनको निर्णय बदर हुनुपर्ने जिकिर गरेका थिए।

सरकारको तर्फबाट महान्यायाधीवक्ता नारायणदत्त कंडेल र नायव महान्यायाधीवक्ता उद्धव पुडासैनीले भने विज्ञापनमा भएको भ्रष्टाचार र अनियमितता रोक्न सरकारले उक्त नीति लिएकोले सर्वोच्चबाट बदर हुनुनपर्ने बहस गरेका थिए।

सोसाइटिका तर्फबाट बहस गरेका कानुन व्यवसायहिरुले निजी मिडियालाई लामो समयदेखि दिइआएको विज्ञापनको सुविधा कटौती गरेर सरकारले मिडियालाई नाकाबन्दीमार्फत् सिध्याउने मकसद राखेको, विज्ञापन ऐन र नियमावलीमा समानुपातिक विज्ञापन मिडियाको अधिकार रहेको, सरकारले कुनै मिडियालाई विज्ञापन दिने र कुनैलाई नदिने कार्टेलिङ गर्न नपाउने, विज्ञापन बोर्डको अधिकार सरकारले खोस्न नपाउने र प्रदेश सरकार र स्थानीय सरकारको समेत अधिकारमा प्रधानमन्त्री कार्यालयले हस्तक्षेप गर्न नपाउने जिकिर थियो।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत् प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो।

## रामघाटको झाडी हटाएर 'हरित अभियान' :

# लागुऔषध दुर्व्यसन हुने क्षेत्र अब 'त्रिफला बाटिका'



**लुम्बिनी संवाददाता**
*बुटवल*

लागुऔषध सेवन तथा अन्य गैरकानुनी गतिविधिको थलो बन्न थालेको गुनासोहरु आउन थालेपछि बुटवल उप-महानगरपालिका वडा नम्बर २ को रामघाट क्षेत्रलाई अब हरियाली र औषधीय वनस्पतिको केन्द्र बनाउने अभियान सुरु गरिएको छ।

बुटवल अटो इञ्जिनियरिङ एशोसियसन, रूपन्देहीले आफ्नो ३१औं वार्षिकोत्सवको अवसर पारेर झाडी फडानी गर्दै 'श्री त्रिफला बाटिका' स्थापना गरेको छ। अभियानअन्तर्गत त्रिफलाका बिरुवासहित फलफूल, बाँस लगायत ३५० वटा बिरुवा रोपिएको हो।

कार्यक्रमका प्रमुख अतिथि बुटवल उप-महानगरपालिका-२ का वडा अध्यक्ष सुनिल शाक्यले झाडी हटाएर हरियाली कायम राख्ने अभियानको प्रशंसा गर्दै यसले वातावरण संरक्षणसँगै सामाजिक विकृति न्यूनीकरणमा समेत महत्वपूर्ण योगदान पुग्ने बताए। उनले यस्ता रचनात्मक कार्यमा वडा कार्यालय र बुटवल उप-महानगरपालिकाको आवश्यक सहयोग र सहकार्य रहने प्रतिबद्धता व्यक्त गरे।

एशोसियसनका अध्यक्ष प्रेम गौचनले रामघाट क्षेत्रमा बाक्लो झाडीका कारण लागुऔषध सेवन तथा अन्य गैरकानुनी गतिविधि हुने गरेको गुनासो आएपछि क्षेत्रलाई सुरक्षित, व्यवस्थित र आकर्षक बनाउने उद्देश्यले यो अभियान सञ्चालन गरिएको बताए। 'हामीले केवल बिरुवा रोपेका होइनौं, समाजलाई सकारात्मक सन्देश दिने प्रयास गरेका छौं।'- उनले भने।

कार्यक्रममा ज्योतिष जनार्धन भण्डारीले 'त्रिफला'को आयुर्वेदिक महत्वबारे जानकारी गराएका थिए। उनले हर्रो, बर्रो र अमलाबाट बन्ने त्रिफला प्राचीन आयुर्वेदिक औषधि भएको उल्लेख गर्दै यसले पाचन प्रणाली सुधार गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, आँखाको स्वास्थ्य जोगाउने, छाला र कपाललाई स्वस्थ राख्ने तथा शरीरको तौल नियन्त्रणमा सहयोग पुऱ्याउने जनाए। यस्ता बहुउपयोगी औषधीय वनस्पतिको संरक्षण र विस्तार आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रम संयोजक मनीष पाण्डेले त्रिफलाका बिरुवासँगै विभिन्न फलफूलका बिरुवा, बाँस तथा अन्य प्रजातिका गरी ३५० वटा बिरुवा रोपिएको जानकारी दिए। उनले बिरुवा रोपेर मात्र नछोडी तिनको नियमित संरक्षण, स्याहार-सम्भार र व्यवस्थापनमा पनि एशोसियसनले विशेष ध्यान दिने बताए।

बुटवल अटो इञ्जिनियरिङ एशोसियसनले वार्षिकोत्सवलाई औपचारिक कार्यक्रममा सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोड्दै वातावरण संरक्षण, सार्वजनिक स्थलको सौन्दर्यकरण र औषधीय वनस्पतिको संरक्षणलाई प्राथमिकता दिएको जनाएको छ। स्थानीयवासीले पनि रामघाट क्षेत्रलाई हरियाली र सुरक्षित सार्वजनिक स्थलका रूपमा विकास गर्ने अभियानको स्वागत गरेका छन्। सो अवसरमा मैनाबगरमा नै रहेको अस्थायी प्रहरी बिट जितगढीको समेत सहभागिता रहेको थियो।

एसोसिएसनका महासचिव पुनित पोखरेलले साउन २ गतेदेखी स्थापना दिवसका विभिन्न कार्यक्रमहरु भइरहेको बताए। उनले २ गते शनिबार सरसफाइ तथा डस्टबिन वितरण, ४ गते वृहत् रक्तदान कार्यक्रम भईसकेको बताउँदै साउन ८ गते ब्याडमिन्टन प्रतियोगिता, ९ गते फुटसल प्रतियोगिता तथा १३ गते समापन एवधधधं पुरस्कार वितरण कार्यक्रम आयोजना गरिने जानकारी गराए।

सार्वजनिक सूचना

विज्ञापन प्रकाशन सम्बन्धी दररेट

बुटवलबाट प्रकाशित बुटवल टुडे राष्ट्रिय दैनिक, दैनिक पत्र राष्ट्रिय दैनिक, मेचीकाली राष्ट्रिय दैनिक, दैनिक लुम्बिनी राष्ट्रिय दैनिक र नवतिलोत्तमा राष्ट्रिय दैनिक को मिति २०८३ साल साउन ७ गतेदेखि लागू हुने गरी विज्ञापन प्रकाशन सम्बन्धी न्यूनतम दररेट कायम गरिएको सबैंमा जानकारी गराइन्छ।

यस व्यवस्थाबाट विज्ञापनदाताहरूलाई समान, पारदर्शी, विश्वसनीय तथा व्यवस्थित सेवा उपलब्ध हुने विश्वास लिएएको छ।

न्यूनतम विज्ञापन दररेट (संक्षेपमा)

| | विज्ञापन तथा सूचना | न्यूनतम दर |
|---|---|---|
| १. | हार्दिकबधाई तथा शुभकामना, समवेदना, श्रद्धान्जली तथा व्यवसायिक विज्ञापन | रू. १०० (प्रति सी.सी.) |
| २. | हराएको सम्बन्धी सूचना (राहदानी, नागरिकता, बीमा, शैक्षिक प्रमाणपत्र आदि तथा अदालत, कम्पनी रजिष्ट्रार, बैंक तथा वित्तीय संस्था, कानुनी, सार्वजनिक, आवश्यकता तथा सहकारी सम्बन्धी सूचना | रू. ३,००० (प्रति सूचना) |
| ३. | सरकारी तथा सार्वजनिक खरिद, बोलपत्र, आशयपत्र तथा प्रस्ताव आवहान सम्बन्धी सूचना | विज्ञापन बोर्डबाट स्वीकृत दररेटअनुसार |
| ४. | बैंक तथा वित्तीय संस्थाका कर्जा तथा धितो लिलामी सूचना | रू. १०० (प्रति सी.सी.) |
| ५. | सरकारी तथा स्थानीय तहका जनहितका सूचना तथा वन सम्बन्धी सूचना र पेन्सनपट्टाको सूचना | रू. ५,००० (न्यूनतम) |

- उल्लेखित दररेटमा प्रचलित कानून बमोजिम लाग्ने कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) अतिरिक्त लाग्ने छ।

बुटवल टुडे, मेचीकाली, दैनिक पत्र, दैनिक लुम्बिनी र नवतिलोत्तमा राष्ट्रिय दैनिक पत्रिकाहरुको ग्राहक शुल्क २०८३ साल श्रावण महिनादेखि लागू हुने गरी प्रतिदिन रू. १० (दश रूपैयों) कायम गरिएको छ।

बुटवलबाट प्रकाशित राष्ट्रिय दैनिक पत्रिकाहरू
दैनिक लुम्बिनी | मेचीकाली राष्ट्रिय दैनिक | दैनिक पत्र राष्ट्रिय दैनिक | बुटवल टुडे राष्ट्रिय दैनिक | तिलोत्तमा राष्ट्रिय दैनिक

## सम्पादकीय

# गौतमबुद्ध विमानस्थल पूर्णरूपमा चलाऊ

गौतमबुद्ध विमानस्थल नचल्दा मुलुकले ठूलो नोक्सानी व्यहोरिरहेको छ। राज्यको झण्डै ४० अर्ब लगानीको औचित्यमाथि प्रश्न उठेको छ नै, पर्यटक आउने आशामा लगानी गरेका व्यवसायी अहिले समस्यामा परेका छन् । करोडौं लगानी गरेका व्यवसायी डुब्दा त्यसले अर्थतन्त्रको चक्र विथोलिने जोखिम बढेको छ ।

मुलुकलाई समृद्धितर्फ लैजान प्रतिफलमुखी आयोजनामा लगानी गर्न दबाब बढिरहेका बेला ठूला आयोजना असफलतातिर जाँदा लगानी र आयोजनाबारे व्यापक बहसको खाँचो देखिएको छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ड्रिम प्रोजेक्ट हो, यो विमानस्थललाई नियमित चलाउन सक्दा मुलुकको समृद्धिको ढोका खोल्न सकिन्छ । लुम्बिनी प्रदेशकै मात्र नभई मुलुककै समृद्धिको ढोका खोल्ने विमानस्थल चलाउन लिइएका पहलकदमी कामयाव हुन सकिरहेका छैनन् । मूलतः भारतीय अवरोध हटाउन नसक्नु नेपालको कमजोरी हो । भारतले दिने भनेको हवाई रूटमा सहमति हुन नसक्दा यो विमानस्थल सुनसान भएको छ। भैरहवा पश्चिमबाट हवाई रूट पाउने बित्तिकै विमानलाई उड्न र अवतरण गर्न सहज हुने भएकाले भारतीय पक्षसँग पटक–पटक गरेको छलफल निष्कर्षमा पुग्न नसक्दा समस्या भएको छ । भारतीय पक्षले हवाई रूट उपलब्ध गराउनका लागि गरेको अवरोध हटाउन कुटनीतिक पहलकदमी लिन आवश्यक छ। मुलुकमा बलियो सरकार बनेका बेला यस्ता प्रतिफलमुखी आयोजना सञ्चालन गर्न पहलकदमी लिन आवश्यक छ।

विमानस्थल चल्नका लागि यहाँ तत्काल श्रम स्वीकृतिको लागि कार्यालय आवश्यक पर्छ । मेडिकल जाँच, भिसा सेन्टर, कार्गो र विदेश पढ्न जाने विद्यार्थीको लागि नो अब्जेक्सन सर्टिफिकेट(एनओसी), ठूला ट्राभल एजेन्सीका कार्यालय स्थापना पनि हुनुपर्छ । ती कार्यालय नहुँदा सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यता छ । विमानस्थलमा केही विमानले उडान गरिरहेको भए पनि आवश्यक कार्यालय स्थापनामा ढिलाइले समस्या बढेको छ । मुलुकमा संघीय शासन प्रणाली स्थापना भइसकेको छ, तर केन्द्रीकृत राज्य संरचनाको मनोविज्ञान बदलिन नसक्दा शासन प्रणाली संस्थागत हुन सकेको छैन । काठमाडौं केन्द्रित मनोविज्ञान तोड्न सक्दा मात्रै गौतमबुद्ध विमानस्थल चल्ने वातावरण बन्न सक्छ ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरुले भैरहवामा सम्पर्क कार्यालय नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट बेच्न नदिएकाले पनि विमानस्थल चल्न नदिन सेटिङमा काम भइरहेको भन्ने व्यवसायीको आरोप गलत भएको प्रमाणित गर्न सरकारले पहलकदमी लिएर विमानस्थललाई पूर्णरुपमा चलाउनुपर्छ । मुलतः भारतसँग सहज सम्बन्ध बनाएर हवाई रूट लिन सक्दा यो सरकारको समेत सफलता हुनेछ।

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौं । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ९५ अङ्कले घटेर दुई हजार ७१२ दशमलव ५४ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १० अङ्कले घटेर ४७० दशमलव ३१ मा पुगेको छ । फ्लोट सूचक शून्य दशमलव ७७ अङ्कले घटेर १८५ दशमलव ८५ मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ५८ अङ्कले घटेर १५९ दशमलव ४३ मा रहेको छ।

विभिन्न कम्पनीका एक करोड १३ लाख ६२ हजार ४६५ कित्ता सेयर रु पाँच अर्ब १८ करोड ७४ लाख ६७ हजार ७३ मूल्यमा खरिद बिक्री भएको छ। तेह्र उपसमूहमध्ये दुई उपसमूह बढ्यो भने ११ उपसमूह घटेको छ । ७७ कम्पनीको सेयर बढ्यो भने १९३ कम्पनीको सेयर घट्यो ।

त्यसैगरी सात कम्पनीको सेयर स्थिर रह्यो। नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, भुगोल हाइड्रोपावर साल्पा विकास बैंकका लगानीकर्ताले कमाएका छन् । त्यस्तै, गरी एनसिसी डिबेञ्जर, नेपाल इन्भेष्टमेन्ट बैंक डिबेञ्चर, एनबिबिएल डिबेञ्चरका लगानीकर्ताले गुमाएका छन् ।

# राष्ट्रियताका सवालमा केही विकृतिपूर्ण अभिव्यक्तिहरू



झपेन्द्र जिसी

ग्रे लिष्टमा राख्ने अमेरिकालगायत पुँजीवादी राष्ट्रहरु नै हुन् । के नेपाललाई अमेरिकी अखडा बनाएर छिमेकी चीनमाथि आक्रमण गर्ने हो । नेपाल बुद्ध जन्मिएको बुद्धभूमि र शान्ति प्रिय देश हो । यसलाई कसैको रणनीतिक मैदान बनाउन पाइँदैन ।

नेपालले पनि (हामीले पनि) भारतको भूमि मिचेका छौं-बालेन्द साह ।

हामी कम्युनिष्ट होइनौं- स्वर्णिम वाग्ले ।

हामी प्रष्ट भन्छौं हामी टीओबीको निर्देशनमा चल्छौं- सुदन गुरुङ्ग

अमेरिकी सेना नेपालमा आउन नदिने हो भने नेपाल (नेपालको अर्थतन्त्र) ग्रे लिष्टबाट ब्ल्याक लिष्टमा पर्नेछ ।

पृष्ठभूमि यिनै उक्तिहरुका सम्बन्धमा दुई चार आखर कोरिंदैछ । यो मान्छेलाई यी उक्तिहरुका सम्बन्धमा केही लेखूँ लेखूँ लाग्यो । किन ? यस कारणले कि उक्तिहरु वर्तमान नेपाल राज्य सञ्चालकहरुका उच्छ्वास हुन् । विचार हुन् । लक्ष्य र उद्देश्य हुन् । भिजन र मिसन हुन् । राज्यको हर्ताकर्ता अहिले रास्वपा(राष्ट्रिय स्वतन्त्र पार्टी) छ । यसका प्रमुख नेताहरु/नायकहरु अध्यक्ष रवि लामिछाने छन् र वरिष्ठ नेता बालेन्द्र साह छन् । पार्टीका नायक रवि लामिछाने भए पनि राज्यका नायक अर्थात् प्रधानमन्त्री बालेन्द्र साह हुन् । यसरी नै अर्थमन्त्री स्वर्णिम वाग्ले छन् भने गृहमन्त्री सुदन गुरुङ्ग छन् ।

अब माथि उल्लिखित क्रमाङ्क अनुसार चर्चा सुरु गरौं ।

क्रमाङ्क १- ब्रिटिस इण्डिया कम्पनी र नेपाल सरकारबिच भएको अधुरो सन्धि अनुसार वि.सं. १८७२(सन् १८१६) को कथित सुगौली सन्धिअनुसार नेपालको सीमा पूर्वमा टिष्टा नदी र पश्चिममा महाकाली नदी निर्धारण हुन गयो । सो सन्धिपत्रमा टक्सारी पण्डित चन्द्रशेखर उपाध्याय र गजराज मिश्रले दस्तखत गरेका थिए । त्यतिखेर नाबालक राजा गीर्वाण विक्रम शाह थिए । राजाले दस्तखत गरेपछि त्यो सन्धि लागू हुने भन्ने थियो । राजाले दस्तखत गरेकै थिएनन् र छैनन् । तर त्यही सन्धिपत्रलाई पछिल्ला शासकहरुले मान्दै आएका हुन् ।

स्मरणीय छ, सन्धिपत्रमा काली नदी भनिएको छ। काली नदीको भनेको महाकाली नदी नै हो र उद्गमस्थल लिम्पियाधुरा हो । सन् १९६२ मा भारत-चीन सीमा विवाद युद्धपछि राजा महेन्द्रसहित भारत-चीन युद्ध हुँदा इण्डिया सरकारले तसतसलाई इण्डियन सेना लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रमा राख्न दिएको विभिन्न दस्ताबेज र इतिहासमा पाइन्छ ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ जस्ताको भनाइ अनुसार पनि लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्र नेपालकै अभिन्न अंग थियो र हो । झण्डै १०० वर्ष पुग्नु भएका विद्वान् सञ्चारकर्मी भैरव अर्यालले त पटकपटक निर्वाचन अधिकृत भई ती क्षेत्रमा गई निर्वाचन गराएको बताउनुहुन्छ । यो जिउँदो प्रमाण हो ।

हेपाहा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी कालमा त झन् हाम्रो लिपुलेक क्षेत्रबाट मोटर सडक निर्माण गरी मानसरोबर पुऱ्याइसकेको छ ।

नेपालीको सार्वभौम भूमि लिपुलेक, लिम्पियाधुरा फिर्ता गर्नका लागि नक्सा समेत बनाई केपी ओली नेतृत्वमा संसदले पारित गऱ्यो र लागू भयो । त्यसो त प्रधानमन्त्री सुशील कोइरालाले पनि कुटनीतिक नोट भारत र चीनसमेतलाई पठाएकै हो । केपी ओली प्रधानमन्त्री हुँदा पनि कुटनीतिक नोट भारतलाई पठाएकै हो । वर्तमान सरकारले आफ्नो भूमि फिर्ता लिन छिमेकी देश भारतसँग सम्पर्क, संवाद र दबाब दिनुको सट्टा हामीले पनि भारतको भूमि मिचेका छौं कुन मुखले भन्न सकेको होला ? यो कुनै अरु मुखले होइन, वर्तमान राज्य प्रमुख (प्रधानमन्त्री) को मुखले नेपालको प्रतिनिधिसभाको बैठकमै भनेको उक्ति हो । राज्य सरकार प्रमुख बालेन्द्र भए पनि देश नेपाली जनताको हो । देश कुनै विदेशी दलालको होइन । यस्तो भनाइले हेपाहा चेपाहा भारत सरकारलाई बल पुग्दैन र ?

क्रमाङ्क २- हामी कम्युनिष्ट होइनौ । विशेषज्ञ अर्थमन्त्री भनेर भोंपा लगाइएका स्वर्णिम वाग्लेले हामी कम्युनिष्ट होइनौं भनेर प्रतिनिधिसभा बैठकमै भने । यो साँचो कुरा हो । रास्वपा पार्टी कम्युनिष्ट पार्टी होइन, हुँदै होइन । यो सबैलाई थाहा छ । खुलम्खुला भने- हामीले मध्यम वर्गको आर्थिक उत्थान गर्छौं । किसान, गरिब र सुकुम्बासीको पार्टी हो भनेन् ।

सुकुम्वासी, भूमिहीन र अव्यवस्थित बसोवासीलाई पूर्व बसोबासको व्यवस्थापन नगरी डोजर चलाई उठिबास लाउनुले यो प्रमाणित गरिसकेको छ । यो उनी र उनी जस्ताले भनिरहन पर्दैन ।

हामी प्रष्ट भन्छौं- हामी टोओबीको निर्देशनमा चल्छौं भनेर गृहमन्त्री सुदन गुरुङ्गले पनि त भनिदिए । जेनजी विद्रोहका बेला टोओबी र अमेरिकन युथ काउन्सिलसित सम्बद्ध युवाहरुले काठमाडौंमा वितण्डा मच्याउने टि.आर. युथ काउन्सिल हुन् भनेको सुनिनिथ्यो । थाहा र विश्वास थिएन । तर गृहमन्त्री सुदन गुरुङ्गले अहिले आएर भनेको कुरालाई मान्नै पऱ्यो ।

क्रमाङ्क ४- अमेरिकी सेना नेपाल आउन नदिने हो भने नेपाल ग्रे लिष्टबाट उँधो लागेर ब्ल्याक लिष्टमा पर्छ। यो भनाइ अर्थमन्त्री स्वर्णिम वाग्लेको हो । त्यति टाढाको अमेरिकी सेना किन ल्याउन पऱ्यो ?

ग्रे लिष्टमा नेपाललाई कसले राखेको हो ? किन राखेको हो ? ग्रे लिष्टमा राख्ने अमेरिका लगायत पुँजीवादी राष्ट्रहरु नै हुन् । के नेपालाई अमेरिकी अखडा बनाएर छिमेकी चीनमाथि आक्रमण गर्ने हो । नेपाल बुद्ध जन्मिएको बुद्धभूमि र शान्ति प्रिय देश हो । यसलाई कसैको रणनीतिक मैदान बनाउन पाइँदैन ।

अन्त्यमा नेपाल देश समस्त देशभक्त नेपालीको हो । कुनै देशद्रोही पार्टी व्यक्ति वा नेताको होइन । खबरदार साम्राज्यवादी प्रभुत्ववादीहरुको तलुवा चटुवाहरु भनेर जनताले जुलुस गर्दा रहेछन् । लाटो बुद्धिले भए पनि अहिले त भेउ पाउन पाउन थाल्यो है !

# महिलाले लुकाउँदै आएको समस्याः पेल्भिक अर्गन प्रोल्याप्स र यसको उपचार

डा.केनुशादेवी तिवारी



हिलाको स्वास्थ्यसँग सम्बन्धित धेरै समस्याहरू अझै पनि लाज, संकोच, डर तथा सामाजिक अपहेलनाको भयका कारण खुलेर व्यक्त हुन सकिरहेका छैनन् । यस्ता समस्यामध्ये एक महत्वपूर्ण तर प्रायः लुकाइने समस्या हो-पेल्भिक अर्गन प्रोल्याप्स अर्थात् पाठेघर, मूत्रथैली वा मलाशय आफ्नो प्राकृतिक स्थानबाट तल झर्ने अवस्था ।

सामान्य भाषामा यसलाई 'आङ खस्ने' वा पाठेघर झर्ने समस्या भनेर चिनिन्छ। तर वास्तवमा यो समस्या पाठेघरमा मात्र सीमित हुँदैन । विभिन्न कारणले मूत्रथैली, पाठेघर वा मलाशयसमेत तल झर्न सक्छन्, जसले महिलाको दैनिक जीवन, आत्मविश्वास र जीवनस्तरमा गम्भीर असर पार्न सक्छ ।

**पेल्भिक अर्गन प्रोल्याप्स के हो ?**

महिलाको कम्मर र हिपको बिचमा रहेको हड्डीको संरचना अर्थात् पेल्भिक भित्र रहेका पाठेघर, मूत्रथैली र मलाशयलाई पेल्भिक फ्लोरका मांसपेशी, लिगामेन्ट तथा संयोजी तन्तुहरूले आफ्नो स्थानमा अड्याएर राखेका हुन्छन् । जब यी संरचनाहरू कमजोर हुन्छन् वा तिनमा क्षति पुग्छ, तब ती अंगहरू तल झर्न थाल्छन् । यही अवस्थालाई पेल्भिक अर्गन प्रोल्याप्स भनिन्छ ।

**किन हुन्छ यो समस्या ?**

पेल्भिक अर्गन प्रोल्याप्स विभिन्न कारणले हुन सक्छ, जसमध्ये प्रमुख कारणहरू निम्न छन्ः

धेरै पटक वा कठिन प्रसूति हुनु

लामो समयसम्म प्रसव पीडा हुनु

भ्याकुम वा फोर्सेप्स प्रयोग गरी प्रसूति गराइनु

दीर्घकालीन खोकी, दम वा श्वासप्रश्वाससम्बन्धी समस्या

लामो समयसम्म कब्जियत रहनु

रजोनिवृत्ति (मेनोपज) पछि एष्ट्रोजन हर्मोनको कमी हुनु

मोटोपना

बारम्बार भारी सामान उठाउने बानी

मेरुदण्डसम्बन्धी समस्या

जन्मजात कोलाजेन वा संयोजी तन्तु कमजोर हुनु

कतिपय अवस्थामा जन्मजात मांसपेशी तथा संयोजी तन्तु कमजोर भएका युवतीहरूमा प्रसूति नभए पनि किशोरावस्थादेखि नै यो समस्या देखिन सक्छ।

**प्रोल्याप्सका प्रकार**

कुन अंग प्रभावित भएको छ भन्ने आधारमा पेल्भिक अर्गन प्रोल्याप्सलाई विभिन्न प्रकारमा विभाजन गरिन्छः

सिस्टोसिल : मूत्रथैली तल झर्ने अवस्था।

युटेरिन प्रोल्याप्स : पाठेघर तल झर्ने अवस्था।

रेक्टोसिल : मलाशय योनीतर्फ झर्ने अवस्था।

भजाइनल भल्ट प्रोल्याप्स : पाठेघर निकालिसकेपछि योनीको माथिल्लो भाग तल झर्ने अवस्था।

**के–कस्ता लक्षण देखिन्छ ?**

योनीमा केही बाहिर निस्किएजस्तो वा अड्किएजस्तो महसुस हुनु

भित्री वस्त्रमा केही घस्रिएजस्तो अनुभव हुनु

तल्लो पेट वा कम्मर दुख्नु

पिसाब गर्न कठिनाइ हुनु वा पिसाब पूरा ननिखिएजस्तो महसुस हुनु

बारम्बार पिसाब लाग्नु वा पिसाब चुहिनु

दिसा गर्न कठिनाइ हुनु

यौनसम्पर्कका क्रममा असहजता हुनु

योनीबाट गन्हाउने वा असामान्य स्राव बग्नु

समयमै उपचार नभएमा समस्या चौथो चरणसम्म पुग्न सक्छ, जहाँ पाठेघर वा अन्य अंगहरू योनीबाहिर नै निस्किन सक्छन् । यसले महिलाको शारीरिक, मानसिक तथा सामाजिक जीवनमा गम्भीर असर पुऱ्याउन सक्छ।

**गाउँमा मात्र होइन, सहरमा पनि उत्तिकै समस्या**

पाठेघर झर्ने समस्या ग्रामीण क्षेत्रका महिलाहरूमा मात्र हुन्छ भन्ने धारणा अझै पनि पाइन्छ । वास्तवमा ग्रामीण महिलाहरू बढी जोखिममा भए पनि यो समस्या सहरका महिलाहरूमा पनि उत्तिकै देखिन्छ।

अध्ययनहरूले करिब ४० प्रतिशत महिलामा कुनै न कुनै तहको पेल्भिक अर्गन प्रोल्याप्स देखिन सक्ने बताएका छन्, यद्यपि सबैमा लक्षण नदेखिन सक्छ । धेरै महिलाले यसलाई रोगका रूपमा नबुझ्ने, 'बच्चा जन्माएपछि यस्तै हुन्छ' भनेर सामान्य मान्ने वा लाजका कारण उपचारका लागि नआउने गरेको पाइन्छ । कतिपय अवस्थामा अन्य समस्याको जाँचका लागि अस्पताल आएका बिरामीहरूको नियमित स्त्रीरोग परीक्षणका क्रममा मात्रै प्रोल्याप्स भएको पत्ता लाग्ने गरेको छ।

हालै ८० वर्षीया एक महिला मुटुसम्बन्धी समस्याको उपचारका लागि अस्पताल आउनुभएको थियो । स्वास्थ्य परीक्षणका क्रममा उहाँमा लामो समयदेखि पाठेघर झरेको समस्या रहेको पत्ता लाग्यो। तर उहाँले वर्षौंदेखि यो समस्या लुकाएर राख्नुभएको रहेछ। यो उदाहरणले महिलाहरू अझै पनि यस्ता समस्याबारे खुल्न कति कठिन महसुस गर्छन् भन्ने स्पष्ट देखाउँछ।

**कसरी गरिन्छ निदान ?**

पेल्भिक अर्गन प्रोल्याप्स रगत वा पिसाबको परीक्षणबाट पत्ता लाग्दैन । यसको निदानका लागि स्त्रीरोग विशेषज्ञ वा युरोगाइनोकोलोजिष्टद्वारा विस्तृत शारीरिक तथा पेल्भिक परीक्षण आवश्यक हुन्छ।

**उपचार के छ ?**

सुखद पक्ष के हो भने पेल्भिक अर्गन प्रोल्याप्सको प्रभावकारी उपचार सम्भव छ । रोगको अवस्था र गम्भीरताअनुसार उपचारका विधिहरू फरक-फरक हुन सक्छन्ः

१. **पेल्भिक फ्लोर एक्सरसाइज (केगल एक्सरसाइज)**ः सुरुआती चरण (पहिलो र दोस्रो स्टेज) मा किगल एक्सरसाइज अत्यन्त प्रभावकारी हुन सक्छ । यसले पेल्भिक फ्लोरका मांसपेशीलाई बलियो बनाउँदै अंगहरूलाई आफ्नो स्थानमा अड्याउन सहयोग पुऱ्याउँछ । तर यो व्यायाम प्रशिक्षित पेल्भिक फ्लोर फिजियोथेरापिस्टको निगरानीमा सही तरिकाले गर्नु अत्यन्त आवश्यक छ।

२. **रिङ पेसरी** : शल्यक्रिया गर्न नमिल्ने वा तत्काल शल्यक्रिया सम्भव नभएका महिलाहरूमा रिङ पेसरी प्रयोग गर्न सकिन्छ । गाउँघरमा यसलाई 'चुरा राख्ने' विधिका रूपमा पनि चिनिन्छ। यो स्थायी उपचार होइन, तर लक्षण कम गर्न र दैनिक जीवन सहज बनाउन उपयोगी विकल्प हो।

३. **शल्यक्रिया** : तेस्रो र चौथो स्टेज प्रोल्याप्समा सामान्यतया शल्यक्रिया आवश्यक हुन्छ । आधुनिक शल्यक्रिया प्रविधिहरूको प्रयोगबाट प्रभावित अंगलाई पुनः आफ्नो प्राकृतिक स्थानमा स्थापित गरी दीर्घकालीन समाधान प्रदान गर्न सकिन्छ।

**भजाइनल भल्ट प्रोल्याप्स पनि उपचारयोग्य छ**

कतिपय महिलामा पाठेघर निकालिसकेको वर्षौंपछि योनीको माथिल्लो भाग तल झर्ने समस्या देखिन सक्छ, जसलाई भजाइनल भल्ट प्रोल्याप्स भनिन्छ। धेरै महिलाले यसको पुनः उपचार सम्भव छैन भन्ने सोच्ने गर्छन् । तर आधुनिक युरोगाइनोकोलोजी सेवामार्फत् यसको सफल उपचार सम्भव छ।

पेल्भिक अर्गन प्रोल्याप्स महिलाहरूमा अत्यन्त सामान्य तर प्रायः लुकाइने समस्या हो । यो बुढ्यौलीको स्वाभाविक प्रक्रिया वा प्रसूतिपछिको सामान्य अवस्था मात्र होइन, उपचार गर्न सकिने चिकित्सकीय समस्या हो । लाज, संकोच वा डरका कारण समस्या लुकाएर बस्नुको सट्टा समयमै विशेषज्ञसँग परामर्श लिएर उचित उपचार गराउनु आवश्यक छ। समयमै पहिचान र उपचार गर्न सके महिलाले पुनः सहज, आत्मविश्वासी र गुणस्तरीय जीवन बिताउन सक्छन् ।

स्वास्थ्य खबरबाट

# आधुनिक प्रविधिको प्रयोगबाट कृषि क्रान्ति गर्दै किसान



**सुदीप राउत**
*भद्रपुर*

झापाको गौरीगञ्ज गाउँपालिका-३ का ५२ वर्षीय किसान सीताराम खड्कालाई केही वर्षअघिसम्मका ती दिन अझै झल्झली याद आउँछ । असार-साउनको हिलोमा दर्जनौँ खेताला खोज्न घरघर धाउनुपर्ने, महँगो ज्याला तिर्नुपर्ने र आकासेपानीको भरपर्दा समयमै रोपाइँ नसकिने पीर । तर, यो दृश्य अहिले फेरिएको छ।

"पहिले पाँच बिघा खेत रोप्न कम्तीमा ५० जना मजदुर चाहिन्थ्यो । दुई हप्ताभन्दा बढी समय त रोपाइँमै बित्थ्यो । समयमा मजदुर नपाइने, पाए पनि ज्याला महँगो हुने र खाना-खाजा खुवाउँदा-खुवाउँदै पैसा नै सिद्धिने पीर हुन्थ्यो", अन्नपूर्ण कृषक समूहका अध्यक्ष समेत रहेका खड्का आफ्ना पुराना दिन सम्झिँदै भन्छन्-"बाली काट्ने र दाइँ गर्ने बेलामा पनि उस्तै सास्ती ! तर, अहिले त्यो कथा इतिहास बनेको छ।"

किसान खड्काको जस्तै अचेल झापाका अधिकांश खेतमा न त मजदुरको अभावले रोपाइँ रोकिन्छ, न त बाली भित्र्याउनै ढिलाइ हुन्छ। हलो, कोदालो र गोरुको ठाउँमा अहिले झापाका धानखेतहरूमा 'राइस ट्रान्सप्लान्टर', 'कम्बाइन हार्भेस्टर' र 'पावरटिलर'जस्ता आधुनिक कृषि यन्त्रहरूले काम गरिरहेका देखिन्छन् । "केही वर्षअघिसम्म मेसिनले पनि धान रोप्छभन्दा पत्याउनै गाह्रो हुन्थ्यो", अर्का स्थानीय किसान तेजबहादुर मगरले विगत सम्झिँदै भने-"तर अहिले समय बदलिएको छ। खेत जोत्ने, बिउ छर्ने, धान रोप्नेदेखि बाली काट्ने र दाइँ गर्नेसम्मका सबै काम मेशिनकै भरमा हुन थालेको छ । पहिले हप्तौँसम्म खेताला खोज्न हैरान हुनुपर्थ्यो, अहिले घण्टौँमै काम सकिन्छ । यसले हाम्रो श्रम, समय र खेती गर्दा लाग्ने कुल खर्च आधाभन्दा बढी घटाइदिएको छ।"

उनको खेतमा अहिले मजदूरको अभावले रोपाइँ रोप्नुपर्ने समस्याबाट मुक्ति मिलेको छ। "अहिले राइस ट्रान्सप्लान्टर मेसिनले त्यही पाँच बिघा खेत एक दिनमै रोपेर सकिन्छ। कम्बाइन हार्भेस्टरले दुई-तीन घण्टामै धान काटेर, दाइँ गरी बोरामा हालेर घर पुऱ्याइदिन्छ", हर्षित मुद्रामा मगरले भने-"जहाँ पहिले प्रतिबिघा १५ देखि १८ हजार रुपैयाँसम्म रोपाइँ-कटाइमा खर्च हुन्थ्यो, अहिले मेसिनको प्रयोगले त्यो लागत झण्डै आधामा सीमित भएको छ।"

मुख्यगरी झापाका दक्षिणी क्षेत्रमा धान खेतीमा कृषि मेशिन तथा आधुनिक उपकरण प्रयोग गर्ने किसानको संख्या बर्सेनि तीव्र रूपमा बढ्दै गएको छ । धानको बिउ छर्ने, जमिन तयार गर्ने, रोपाइँ गर्ने, बाली काट्ने, दाइँ गर्ने र अन्न छुट्याउनेसम्मका काममा मेसिनको प्रयोग बढेको छ । गाउँका अधिकांश युवा वैदेशिक रोजगारी र अन्य पेसामा आकर्षित भएपछि सिर्जित 'कृषि मजदुरको अभाव'लाई झापाली किसानले प्रविधिको प्रयोग गरेर अवसरमा बदलेका छन् ।

**५० प्रतिशत अनुदानले ल्याएको यान्त्रीकरणको लहर**

धान उत्पादनका लागि देशकै प्रमुख जिल्लामध्ये एक मानिने झापामा परम्परागत खेती प्रणालीलाई आधुनिक र व्यावसायिक बनाउन सरकारी तथा सहकारी क्षेत्रबाट पनि उल्लेख्य प्रोत्साहन भइरहेको छ । गत आव २०८२/८३ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत झापाका 'जोन' तथा 'सुपरजोन' क्षेत्रमा ५० प्रतिशत अनुदानमा ठूलो संख्यामा आधुनिक उपकरणहरू वितरण गरिएको छ । यस कार्यक्रममार्फत् किसान, कृषक समूह तथा सहकारीहरूलाई रबर ट्र्याक भएका चार वटा कम्बाइन हार्भेस्टर, एउटा चारचक्के 'राइस ट्रान्सप्लान्टर', एउटा 'सेल्फ प्रोपेल्ड रिपर' तथा एउटा थप 'रिपर'सहित छ वटा 'पावर टिलर' र 'मिनी टिलर' उपलब्ध गराइएको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम झापाका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत रविन्द्र सुवेदीका अनुसार यस्ता आधुनिक प्रविधिको प्रवेश र विस्तारले जिल्लाको कृषि क्षेत्रमा नयाँ उत्साह र ऊर्जा भरेको छ। "कृषि यन्त्रको प्रयोगले किसानको उत्पादन लागत ह्वात्तै घटाएको छ", सुवेदी भन्छन्-"वर्षायाममा मौसमको भर हुँदैन, छोटो समयमा धेरै क्षेत्रफलमा खेती सम्पन्न गर्न र उत्पादन बढाउन यान्त्रीकरणले महत्वपूर्ण काम गरेको छ । अनुदानले साना र मध्यमस्तरका किसानलाई पनि आधुनिक प्रविधिमा जोड्न ठूलो मद्दत पुऱ्याएको छ। एक हिसाबलेभन्दा झापाका गाउँबस्तीका खेत र फाँटहरुमा आधुनिक कृषि प्रविधिले कृषि क्रान्ति ल्याइदिएको छ।"

**साना किसानका लागि सहारा : 'कस्टम हायरिङ सेन्टर'**

लाखौँ मूल्य पर्ने महँगा कृषि यन्त्रहरू साना र सीमान्तकृत किसानले आफैँ खरिद गर्न सम्भव हुँदैन। यही समस्याको व्यावहारिक र दीर्घकालीन समाधान बनेको छ, 'कस्टम हायरिङ सेन्टर' (सहुलियत भाडामा उपकरण पाइने केन्द्र) । झापाका विभिन्न स्थानमा सञ्चालित यी केन्द्रहरूबाट साना र सीमित जग्गा भएका किसानले सस्तो भाडादरमा ट्र्याक्टर, थ्रेसर, रोटाभेटर, कल्टिभेटर र लेजर ल्यान्ड लेभलरजस्ता अत्याधुनिक प्रविधि भाडामा ल्याएर प्रयोग गरिरहेका छन् अर्थात् यी कृषि प्रविधिमार्फत सहज रुपमा साना र सीमान्तकृत किसानको पहुँच आधुनिक प्रविधिसँग पुऱ्याइएको छ।

झापा गाउँपालिकास्थित टाघनडुब्बा साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष देवेन्द्रचन्द्र सिंह राजवंशी यस्ता प्रविधिलाई किसानको वरदान मान्नुहुन्छ । "वर्षायाममा मौसम छिनछिनमा बदलिन्छ । पहिले महिना दिन लाग्ने रोपाइँ अहिले मेसिनको सहायताले केही दिनमै सकिन्छ। विशेषगरी साना किसानका लागि 'कस्टम हायरिङ' सेवाले ठूलो आर्थिक राहत पुऱ्याएको छ।"-राजवंशीले भने ।

त्यस्तै, गौरीगञ्ज गाउँपालिका-३ स्थित अन्नपूर्ण कृषक समूहका कोषाध्यक्ष गीतामाया चौधरीका अनुसार समूह र सहकारीमार्फत् यन्त्र सञ्चालन गर्दा निजी क्षेत्रको तुलनामा धेरै सस्तो पर्छ। "हामीले हाम्रा सदस्यहरूलाई बजारकोभन्दा निकै कम मूल्यमा उपकरण उपलब्ध गराउँदै आएका छौँ । यसले गर्दा दुई-तीन कठ्ठामा खेती गर्ने साना किसानले पनि प्रविधिको पूर्ण लाभ लिन पाएका छन्।"-चौधरीले खुसी व्यक्त गर्दै भनिन्।

विशेषगरी 'लेजर ल्यान्ड लेभलर' को प्रयोगले खेत सम्याउँदा सिँचाइको पानी २५ देखि ३० प्रतिशतसम्म बचत हुने र मल तथा बीउको समान उपयोग भई धानको उत्पादनमा १० देखि १५ प्रतिशतसम्म वृद्धि आएको कृषि प्राविधिकहरूको भनाइ छ।

**अझै कायमै छन् चुनौती**

धान खेतीमा यान्त्रीकरणले अभूतपूर्व फड्को मारे पनि व्यावहारिक रूपमा केही चुनौतीहरू अझै खड्किरहेका छन्। खासगरी आधुनिक मेसिन सञ्चालन गर्ने र बिग्रँदा मर्मत गर्ने दक्ष जनशक्तिको स्थानीयस्तरमा चरम अभाव छ। मुख्य रोपाइँ वा बाली कटानीको मुख्य याममै मेसिन बिग्रँदा तत्काल बनाउने 'वर्कसप' र 'स्पेयर पार्ट्स' नपाएर कामै रोकिने जोखिम उत्तिकै रहन्छ। साथै, जग्गाको खण्डीकरणका कारण साना र टुक्रे खेतसम्म ठूला कम्बाइन हार्भेस्टर लैजान सडक र गराको समस्याले पनि किसानलाई पिरोल्ने गरेको छ। निजी मेसिन सञ्चालकले मनपरी भाडा लिने गरेकाले सरकारी तवरबाटै निश्चित भाडादर निर्धारण हुनुपर्ने माग किसानको छ।

प्रविधिले ल्याएको सहजतासँगै सिर्जित यस्ता समस्यालाई समाधान गर्न स्थानीय सरकार र कृषि ज्ञान केन्द्रले विशेष पहल गर्नुपर्ने किसानको जोड छ । झापा गाउँपालिकाका किसान चेतनाथ उप्रेतीका अनुसार गाउँमै युवालाई लक्षित गरी मेसिन सञ्चालन तथा मर्मतसम्बन्धी तालिम दिन सके जनशक्तिको समस्या सुल्झिनुका साथै रोजगारीको नयाँ अवसरसमेत सिर्जना हुनेछ।

"प्रविधि त आयो, अब स्थानीय तह र कृषि ज्ञान केन्द्रले मेसिन चलाउने र मर्मत गर्ने तालिम गाउँकै युवालाई दिनुपर्छ", उप्रेती थप्छन्-"यसका साथै इन्धनको बढ्दो मूल्य नियन्त्रण र मेसिनको भाडादरमा एकरूपता ल्याउनसके साना र वास्तविक किसानले प्रविधिको पूर्ण लाभ लिन सक्नेछन् ।"

कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार कार्यालयले गत आवमा प्रविधिमा आधारित धानखेतीलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदान र सीप विकासका कार्यक्रम सञ्चालन गरेको छ । मेसिनको प्रयोग गरी धानखेती गर्ने किसानलाई उपकरण प्रयोग लागतमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनुका साथै बिउ र नर्सरी व्यवस्थापनका लागि जिल्लाका चार वटा कृषि सहकारीमार्फत व्यावहारिक तालिम प्रदान गरिएको उनले जानकारी दिए।

यसै कार्यक्रमअन्तर्गत कुल ३१५ बिघा क्षेत्रफलमा मेसिनमार्फत धानखेती गर्ने किसानलाई प्रोत्साहनस्वरूप ५० प्रतिशत अनुदान रकम वितरण गरिएको प्रमुख विष्टले बताउनुभयो ।

**अबको बाटो : प्रविधिसँगै बजार र समर्थन मूल्य**

झापाका धानखेतमा बढेको प्रविधिको प्रयोग कृषि क्षेत्रबाटै आर्थिक समृद्धि हासिल गर्ने किसानको सपना पूरा गर्ने एउटा बलियो माध्यम बनेको छ । यद्यपि, प्रविधिको यो आशालाग्दो सुरुआतलाई दिगो बनाउन भने वर्षैभरि सिँचाइको सुविधा, समयमै रासायनिक मलको आपूर्ति र गुणस्तरीय बीउको ग्यारेन्टी हुनु अनिवार्य छ। मेसिन प्रयोग गरेर उत्पादन लागत घटाए पनि किसानले उत्पादित धानको उचित र समर्थन मूल्य समयमै पाउनुपर्छ। लागत घटेर उत्पादन बढे पनि बजारमा बिचौलियाको दबदबा कायम रहे किसानको आर्थिक जीवनस्तर उठ्न सक्दैन।

उत्पादित वस्तुले उचित बजार र मूल्य नपाउने, अर्कातिर डिजेल, मल र बीउको लागत लगातार महँगिँदैजानाले किसानले मेहनतअनुसारको सोचेजस्तो प्रतिफल अझै पाउन सकेका छैनन्। 'कस्टम हायरिङ' सेन्टरको दायरा गाउँगाउँसम्म विस्तार गर्ने, स्थानीयस्तरमै मर्मत केन्द्र खोल्ने, साना किसानमैत्री मेसिनहरू भित्र्याउने र उत्पादित धानको खरिद सुनिश्चित गर्ने हो भने झापाको यो 'प्रविधि क्रान्ति' समग्र देशकै लागि एउटा उदाहरणीय, प्रेरणादायी र अनुकरणीय नमुना बन्ने पक्का छ।

# एक वर्षमा सडक दुर्घटनामा ७२ जनाको मृत्यु



दाङ । गत चैत ५ गते बिहीबार बेलुका तुलसीपुर उपमहानगरपालिका-९ दुधेनाको चमिखोलामा टिपरको ठक्करबाट स्कुटरमा सवार तुलसीपुर-९ का ४९ वर्षीया पुष्पा कँडेलको मृत्यु भयो ।

सोही महिनाको ३ गते गढवा गाउँपालिका-५ बाँकी गाउँमा दुर्घटना हुँदा स्थानीय ४२ वर्षीय भानु रिजालको पनि घटनास्थलमै मृत्यु भयो । जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धानले ती दुवै दुर्घटना चालकले तीव्रगतिमा सवारी चलाएका कारण भएको निष्कर्ष दिएको छ। दुवै घटना सडक दुर्घटनाका उदाहरण मात्र हुन् ।

यसैबिच, दाङ जिल्लामा आव २०८२/८३ मा ३४७ सवारी दुर्घटनामा ७२ जनाको मृत्यु भयो। मृत्यु हुनेमा ५० पुरुष, १९ महिला र तीन बालबालिका रहेको ट्राफिक प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी निरीक्षक केशव खड्काले जानकारी दिए।

उनका अनुसार ती दुर्घटनामा परी १६३ पुरुष, ४७ महिला, १६ बालक र छ बालिका गम्भीर घाइते भए। त्यस्ता दुर्घटनामा सबैभन्दा बढी २८१ वटा मोटरसाइकल दुर्घटना भएका थिए। सडक दुर्घटना हुनुका मुख्यकारण तीव्रगति र मादकपदार्थ सेवन, चालकको लापरबाही, सडकको अवस्था, यान्त्रिक गडबडी रहेको प्रहरीको भनाइ छ।

प्रहरीले यस्ता दुर्घटना दोहोरिन नदिन र दुर्घटना न्यूनीकरण गर्न नागरिक सचेतना तथा सडक सुरक्षा कार्यक्रम गर्दै आएको छ।

यसैबिच, पछिल्लो समय ट्राफिक प्रहरीले जथाभावी सडक वारपार गर्ने पैदल यात्रुलाई सचेतना तथा चालकका लागि निःशुल्क स्वास्थ्य परीक्षण अभियान पनि सञ्चालन गरिरहेको छ।

# अण्डाको मूल्य बढ्यो, अझै किसानले लागत मूल्य पाएनन्



चितवन । 'बर्डफ्लु'को प्रभावका कारण गिरावट आएको अण्डाको मूल्य बढ्न थालेको छ। उत्पादन घटेको र माग बढेपछि मूल्य बढ्न थालेको हो।

नेपाल लेयर्स कुखुरापालक सङ्घले ठूला फार्महरूको मूल्य लिएर बजार मूल्य तय गर्ने गर्दछ। सङ्घका अनुसार बुधबारबाट लागू हुनेगरी ठूलो अण्डा प्रतिक्रेट (३० वटाको) रु ४५० बाट ५०० पुगेको छ। मध्यम अण्डा रु ४२० वाट ४७० पुगेको छ। सानो अण्डा रु ४१५ पुगेको छ। सबैमा प्रतिक्रेट रु ५० बढेको हो।

नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले अण्डको माग बढ्न थालेपछि मूल्य बढ्न थालेको बताए। दैनिक ४५ लाख गोटा हाराहारी अण्डा उत्पादन हुँदै आएकामा वर्डफ्लुका कारण घटेर २८ लाख हाराहारीमा झरेको उनले जनाए। जेठको अन्तिममा एक क्रेट (३० वटा) अण्डाको रु ५५० मा बिक्री भएकामा झरेर रु ४५० मा आइपुगेको थियो । एक क्रेट अण्डाको लागत मूल्य ५७३ रुपैयाँ ६० पैसा पर्न आउँदछ । प्रतिगोटा रु १९ रुपैयाँ १२ पैसा पर्न आउँछ । अहिले अण्डाको खपत बढेसँगै मूल्य बढ्न थालेको उनले जानकारी दिए।

मूल्य बढे पनि अझै किसानले लागत मूल्य पाउन सकेका छैनन् । अध्यक्ष पोखरेलले अब छिट्टै लागत मूल्य पाउने आशामा किसान रहेको बताए। बर्डफ्लुका कारण किसानले ठूलो नोक्सानी व्यहोर्नुपरेको जनाउँदै उनले प्रभावित भएका किसानलाई राज्यले राहत दिनुपर्छ बताए।

# बर्डफ्लु नियन्त्रणतर्फ, साउनयता नयाँ सङ्क्रमण शून्य

बुटवल। नेपालमा बर्ड फ्लु रोग नियन्त्रणउन्मुख भएको छ र साउन १ गतेयता नयाँ सङ्क्रमण पुष्टि भएको छैन । यो रोग सुरुमा ११ जिल्लामा फैलिएको थियो र यसको नियन्त्रणका लागि करिब ८.३ लाख पन्छी नष्ट गरिएको थियो। सरकारले महामारीबाट प्रभावित कृषकहरूलाई राहत दिन ५२ करोड रुपैयाँ व्यवस्थापन गरेकोमा हालसम्म ५०.७ करोडभन्दा बढी वितरण गरिसकेको छ।

नेपालमा विगत केही महिनादेखि देखा परेको बर्ड फ्लु रोग हाल नियन्त्रण उन्मुख भएको छ। पशु सेवा विभागका वरिष्ठ पशु चिकित्सक डा. मुकुल उपाध्यायले चालु आर्थिक वर्षको साउन १ गतेयता देशका कुनै पनि स्थानमा बर्ड फ्लुका नयाँ सङ्क्रमित केसहरू पुष्टि नभएको जानकारी दिए।

हाल विभिन्न क्षेत्रबाट प्रयोगशालामा शङ्कास्पद नमूनाहरू परीक्षणका लागि ल्याइने गरे तापनि ती सबैको नतिजा नकारात्मक आइरहेकाले सङ्क्रमण नियन्त्रणमा आएको सङ्केत मिलेको उनले बताए।

यो प्रकोपको सुरुवात २०८२ साल चैत ४ गते केन्द्रीय पशु पन्छी रोग अन्वेषण प्रयोगशालामा गरिएको पीसीआर परीक्षणबाट पुष्टि भएको थियो । तत्पश्चात् सरकारले चैत ६ गते बर्ड फ्लु प्रभावित क्षेत्र घोषणा गरी नियन्त्रण कार्य अघि बढाएको थियो। पहिलो पटक मोरङको सुन्दरहरैँचा नगरपालिका-४ र उर्लाबारी नगरपालिका-८ मा पुष्टि भएको यो रोग क्रमशः सुनसरी, झापा, चितवन, नवलपरासी, बारा, महोत्तरी, काठमाडौँ, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक गरी ११ जिल्लामा फैलिएको थियो । संक्रमणका कारण व्यावसायिक लेयर्स, प्यारेन्ट, ब्रोइलर, स्थानीय कुखुरा, हाँस, टर्की र कालिज जस्ता पन्छीहरू बढी प्रभावित भएका थिए।

साउन ३२ गतेसम्ममा काठमाडौँ उपत्यका बाहेकका ७ जिल्लामा रोग पूर्ण रूपमा नियन्त्रणमा आइसकेको थियो। काठमाडौँ उपत्यका र काभ्रे जिल्लाका कुल ११९ स्थानमा सङ्क्रमण पुष्टि भएको थियो, जसमध्ये काठमाडौँमा ३२, ललितपुरमा १५ (सदर चिडियाखानासहित), भक्तपुरमा ४५ र काभ्रेमा २७ स्थान रहेका थिए। उपत्यकाका तीन जिल्लामध्ये भक्तपुर सबैभन्दा बढी प्रभावित देखिएको थियो भने ललितपुरमा असार २५ गते पछि कुनै पनि नयाँ सङ्क्रमण देखिएको छैन । काठमाडौँ र भक्तपुरमा पनि साउन ३२ गतेदेखि नयाँ सङ्क्रमण नदेखिएको पशु सेवा विभागले जनाएको हो।

महामारी नियन्त्रणका लागि देशभर कुल ८ लाख ३५ हजार ५ सय ६३ पन्छी, ११ लाख ६५ हजार ६ सय ६३ वटा अण्डा र २ लाख ४५ हजार ३५ केजी दाना नष्ट गरिएको छ।

## ३५ दिने अत्यन्तै जरुरी सूचना

यस श्री सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य बुटवल-३, बस्ने कर्णबहादुर के.सी.को नामको साविक मक्रहर गा.वि.स. वडा नं.६/६(क) हाल तिलोत्तमा-११ मक्रहरमा रहेको कित्ता नं.१५९२ क्षेत्रफल ०-०-५-० को जग्गा २०७८/११/०१ मा धितो राखी रु १०,०००००।-(अक्षरुपी दश लाख) ऋण लगेको हुनाले उक्त ऋण सहकारीको नियमानुसार ४ किस्ता गरी २०८०।१०।२९ सम्म चुक्ता गर्नुपर्नेमा हालसम्म कुनै पनि किस्ता रकम भुक्तानी नभएकोले पटक-पटक पत्राचार गरी तरताकेता गर्दा पनि भुक्तानी हुन नसकेको कारणले हाल निजको मृत्यु भएको भन्ने सुन्नमा आएको हुँदा निजको हकवालाहरुलाई समेत पटक-पटक पत्राचार गरी तरताकेता गर्दा पनि धितो जग्गाको ऋण नतिरी आनाकानी गरेकोमा प्रचलित ऐन कानुन तथा सहकारी संस्थाको नीति, निमय तथा कार्यविधिअनुसार आजका मितिदेखि ३५ दिनभित्र सावाँ, व्याज र विलम्ब शुल्कसहित हुन आउने सम्पूर्ण रकम भुक्तानी गर्नुहुन ऋणीका हकवालालाई जानकारी गराइन्छ।

**श्री सुमेरू बचत तथा ऋण सहकारी लि.**
तिलोत्तमा–१, शंकरनगर, रूपन्देही

## मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूह, ऐरावती गा.पा. १ प्यूठान

## काठ दाउरा लिलाम बिक्री सूचना

सूचना प्रकाशित मितिः २०८३।०४।०७

डिभिजन वन कार्यालय, प्यूठानको च.न. १४१२ मिति २०८३/०२/२६ गतेको बिक्री सहमति अनुसार यस समूहको घाटगद्दीमा भएको खयर जातका ५६४ थान गोलियाको ६२६। ५८ क्यू. फिट काठ लाई १ वटा लट कायम गरि घाटगद्धिमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु परेकोले इच्छुक तथा रित पुगेका काष्ठ व्यवसायीले तोकिएको स्थान र निकायबाट २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनमा दिउसोको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै स्थान र निकायमा सिलवन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। यसको विस्तृत सूचना उपभोक्ता समूह, डिभिजन वन कार्यालय प्यूठानको सूचना पाटी तथा WebsiteM httpsM//dfopyuthan.lumbini.gov.np तथा अन्य डिजिटल माध्यम बाट समेत लीन सकिने व्यहोरा जानकारी गराइन्छ।

**अध्यक्ष**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६१७८९२७५,९८००७६०६२२

र.जि.हु.द.न.१३/०६३/०६४

२०८३ साउन ०७ गते, बिहीबार
Thursday July 23, 2026

न.प.जि.प्र.का.द.न.४/०४५/०४६

दैनिक लुम्बिनी



**ढोरपाटन उपत्यकाको घाँसे मैदानमा चरिरहेका घोडाः**
देशको एकमात्र सिकार आरक्ष रहेको बागलुङस्थित ढोरपाटन उपत्यकाको घाँसे मैदानमा चरिरहेका घोडा । ढोरपाटन घुम्न जाने पर्यटकलाई स्थानीय व्यवसायीले घोडा सवार गराउने गरेका छन् । तस्विरः रासस

# आन्तरिक राजस्व कार्यालय भैरहवाले गर्‍यो लक्ष्यभन्दा बढी राजस्व संकलन




**दीपिका पाण्डे**
*भैरहवा*

आन्तरिक राजस्व कार्यालय भैरहवाले आर्थिक वर्ष २०८२ / ०८३ मा निर्धारित लक्ष्यभन्दा १३.३ प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ। कार्यालयले लक्ष्यभन्दा करिब रु. २अर्ब २३ करोड २९ लाख बढी राजस्व उठाउँदै कुल रु. १९ अर्ब १६ करोड २४ लाख बढि राजस्व सङ्कलन गरेको हो ।

आन्तरिक राजस्व कार्यालय भैरहवाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षका लागि रु. १६ अर्ब ९२ करोड ९५ लाख बढी राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरिएको थियो । कार्यालयले लक्ष्यको ११३.३ प्रतिशत प्रगति हासिल गरेको जनाएको छ । कार्यालय प्रमुख प्रेमराज पोखेलले कर प्रशासनलाई प्रविधिमैत्री बनाउने, करदातामैत्री सेवा विस्तार गर्ने, करको दायरा फराकिलो बनाउने तथा नियमित अनुगमनलाई प्रभावकारी बनाएकै कारण लक्ष्यभन्दा बढी राजस्व सङ्कलन सम्भव भएको बताए । उनले स्वेच्छिक कर सहभागिता बढ्दै जानु र कर प्रशासनप्रतिको विश्वास मजबुत हुनु पनि राजस्व वृद्धिका प्रमुख आधार रहेको उल्लेख गरे ।

कार्यालयका अनुसार आयकरबाट सबैभन्दा बढी राजस्व सङ्कलन भएको छ । त्यसपछि मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, बहाल कर र ब्याज कर शीर्षकबाट उल्लेखनीय राजस्व उठेको छ। गत आर्थिक वर्षको तुलनामा अधिकांश शीर्षकमा राजस्व सङ्कलनमा सुधार देखिएको कार्यालयले जनाएको छ।

आन्तरिक राजस्व कार्यालय भैरहवाका सूचना अधिकारी नरेश पन्थीका अनुसार करदातालाई डिजिटल सेवा विस्तार, समयमै कर विवरण बुझाउने अभियान, कर शिक्षा कार्यक्रम तथा नियमित कर परीक्षणका कारण राजस्व सङ्कलनमा सकारात्मक प्रभाव परेको हो । उनले चालु आर्थिक वर्षमा पनि कर चुहावट नियन्त्रण, करदातामैत्री सेवा विस्तार तथा राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउने कार्यक्रमलाई निरन्तरता दिइने बताए।

कार्यालयले चालु आर्थिक वर्ष २०८३ / ०८४ मा पनि लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न कर प्रशासनलाई अझ प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने रणनीतिअनुसार काम अघि बढाएको जनाएको छ।

# ओमसतिया : 'नमूना गाउँपालिका' बन्ने अभियान तीव्र



भैरहवा । रुपन्देहीको ओमसतिया गाउँपालिकाले विकास निर्माण, सुशासन, प्रभावकारी सेवा प्रवाह र जनसहभागितालाई केन्द्रमा राख्दै 'नमूना स्थानीय तह' बन्ने अभियानलाई तीव्र बनाएको जनाएको छ। भौतिक पूर्वाधारदेखि शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, सरसफाइ, खेलकुद र प्रशासनिक सुधारसम्मका क्षेत्रमा एकसाथ काम गर्दै गाउँपालिकाले विकासलाई परिणाममुखी बनाएको दाबी गरेको हो ।

गाउँपालिकाले दीर्घकालीन, मध्यकालीन र तत्काल कार्यान्वयन गर्नुपर्ने योजनालाई समेटेर 'मास्टर प्लान' तयार गरी सोहीअनुसार विकासका कार्यक्रम अघि बढाएको जनाएको छ । स्थानीय आवश्यकता र जनचाहनालाई आधार बनाएर योजना छनोट, बजेट विनियोजन र कार्यान्वयन गरिएकाले विकासका प्रतिफल नागरिकसम्म पुग्न थालेको गाउँपालिकाको भनाइ छ।

गाउँपालिका अध्यक्ष मञ्जित यादवले स्थानीय सरकारको प्रमुख उद्देश्य नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु रहेको बताउँदै विकासलाई सडक र भवन निर्माणमा मात्र सीमित नराखिएको स्पष्ट पारे।

"हामीले शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, सरसफाइ, खेलकुद र सामाजिक रूपान्तरणलाई समान प्राथमिकतामा राखेका छौँ। जनताको आवश्यकता जहाँ छ, त्यहीँ स्थानीय सरकार पुग्नुपर्छ भन्ने हाम्रो मान्यता हो।"-अध्यक्ष यादवले भने। उनका अनुसार पछिल्ला चार वर्षमा गाउँपालिकाले सडक सञ्जाल विस्तार, विद्यालय तथा स्वास्थ्य संस्थाको स्तरोन्नति, कृषि आधुनिकीकरण, फोहोर व्यवस्थापन, बजार व्यवस्थापन तथा सामाजिक सेवाका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

उपाध्यक्ष सुनिता चौधरीले विकास योजनामा महिला, दलित, विपन्न, ज्येष्ठ नागरिक, बालबालिका तथा पछाडि पारिएका समुदायलाई विशेष प्राथमिकतामा राखिएको बताइन् ।

"समावेशी विकासबिना समृद्ध गाउँपालिका सम्भव छैन । त्यसैले महिला सशक्तीकरण, सीप विकास, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाका कार्यक्रम वडा तहसम्म प्रभावकारी रूपमा सञ्चालन गरिरहेका छौँ।"- उनले भनिन्। गाउँपालिकाले कृषिलाई स्थानीय अर्थतन्त्रको मेरुदण्डका रूपमा अघि बढाउँदै किसानलाई आधुनिक प्रविधि, उन्नत बीउबिजन, सिँचाइ, कृषि उपकरण, पशुपालन तथा व्यावसायिक खेतीमा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । यसबाट उत्पादन वृद्धि र किसानको आयआर्जन बढाउने लक्ष्य राखिएको छ। प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पन्थीले प्रशासनलाई सेवामैत्री, पारदर्शी र प्रविधिमैत्री बनाउने अभियानलाई प्राथमिकताका साथ अघि बढाइएको बताए।

"स्थानीय सरकारप्रतिको नागरिकको विश्वास प्रभावकारी सेवा प्रवाहबाट निर्माण हुन्छ। त्यसैले छिटो, सरल र पारदर्शी सेवा दिन कर्मचारी संयन्त्रलाई जिम्मेवार बनाएका छौँ। सुशासन र उत्तरदायित्वलाई संस्थागत गर्ने दिशामा गाउँपालिका अघि बढिरहेको छ।"-उनले भने। उनका अनुसार सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नियमित अनुगमन तथा सूचना प्रविधिमार्फत् सेवा विस्तार गरिएकाले नागरिकको गुनासोसमेत घट्दै गएको छ। वरिष्ठ लेखा अधिकृत कमलप्रसाद शर्माले वित्तीय अनुशासन, पारदर्शिता र सार्वजनिक स्रोतको अधिकतम सदुपयोगलाई प्राथमिकतामा राखेर बजेट कार्यान्वयन गरिएको जनाए।

स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार, मातृ-शिशु स्वास्थ्य, खोप, पोषण तथा स्वास्थ्य सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्। शिक्षा क्षेत्रमा विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास तथा विद्यार्थीमैत्री वातावरण निर्माणमा जोड दिइएको गाउँपालिकाले जनाएको छ । युवालाई स्वरोजगार र उद्यमशीलतासँग जोड्न सीपमूलक तालिम, कृषि तथा साना उद्यम प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएका छन्। खेलकुद, वातावरण संरक्षण, सरसफाइ तथा फोहोर व्यवस्थापनका अभियानलाई पनि निरन्तरता दिइएको छ।

विकास निर्माणसँगै सुशासन, सामाजिक उत्तरदायित्व, जनसहभागिता र आर्थिक अनुशासनलाई समान प्राथमिकतामा राख्दै नागरिकमैत्री स्थानीय सरकार निर्माण गर्ने लक्ष्यका साथ गाउँपालिका अघि बढिरहेको जनाएको छ । स्थानीयवासीको सक्रिय सहभागितामा सञ्चालन भएका विकास कार्यक्रमले ओमसतिया गाउँपालिकालाई रुपन्देहीकै नमूना स्थानीय तहका रूपमा स्थापित गर्ने आधार बलियो बन्दै गएको गाउँपालिकाको विश्वास छ।

# नवलपरासी उद्योग वाणिज्य संघको अध्यक्षमा अग्रहरि निर्वाचित



**गौरीशंकर जयसवाल**
*परासी*

नवलपरासी उद्योग वाणिज्य संघको १६औँ अधिवेशनबाट नयाँ नेतृत्व निर्विरोध चयन भएको छ अधिवेशनले आगामी ३ वर्षका लागि युवा व्यवसायी नगेन्द्र अग्रहरीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको हो ।

नयाँ नेतृत्वका लागि प्रकाशित निर्वाचन कार्यक्रमअन्तर्गत उम्मेदवारको अन्तिम नामावली प्रकाशनसम्मको प्रक्रियामा आइपुग्दा सबै पद निर्विरोध भएपछि निर्वाचन समितिले निर्वाचन परिणाम घोषणा गरेको हो ।

नवनिर्वाचित समितिलाई प्रमाणपत्र वितरण तथा सपथग्रहण समेत गराइएको छ। प्रमुख निर्वाचन अधिकृत एवं वरिष्ठ अधिवक्ता धन शर्मा जैसीका अनुसार अधिवेशनबाट संघको वरिष्ठ उपाध्यक्षमा राजेश कुमार गुप्त, उद्योग उपाध्यक्षमा तारा आचार्य, वाणिज्य उपाध्यक्षमा रामकुमार गुप्ता, महासचिवमा भोला पराजुली, सचिवमा बालकिशुन गुप्ता तथा कोषाध्यक्षमा गिरीराज पाण्डेय निर्विरोध निर्वाचित भएका हुन् ।

यस्तै कार्यकारिणी सदस्यमा खुल्लाबाट चन्द्रप्रकाश गुप्ता, किशुनाथ बानियाँ, राजेश गुप्ता (तेली), सन्दीप कुमार स्वर्णकार, गणेश अग्रहरि, सुनिल कसौधन एवं वस्तुगतबाट राजु देवान, एसोसिएटबाट विनोद अग्रहरि, क्षेत्र नं. १ बाट मनोज गिरी, क्षेत्र नं. २ बाट कमलेश कुमार गुप्ता, क्षेत्र नं. ३ बाट लिलाधर चापागाईं तथा क्षेत्र नं. ४ बाट प्रकाशनारायण चौधरी निर्वाचित भएका छन् ।

लेखा समिति संयोजकमा सीता कुँवर तथा सदस्यमा विद्यासागर शर्मा र सञ्जय कुमार जयसवाल चयन भएको निर्वाचन समितिले जनाएको छ । संघको विधानअनुसार २५ सदस्यीय कार्यसमितिमा निर्वाचनबाट १९ जना, मनोनीत पाँच जना तथा एक जना निवर्तमान अध्यक्ष रहने व्यवस्था रहेको छ। पदहस्तान्तरणपछि नवनिर्वाचित कार्यसमितिले पाँच जना सदस्य मनोनीत गरी कार्यसमितिलाई पूर्णता दिनेछ।

अग्रहरीले व्यवसायीको हित, संस्थागत सुदृढीकरण र आर्थिक विकासका पक्षमा प्रतिबद्ध भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

लुम्बिनी प्रदेशसभा सदस्य बैजनाथ जयसवाल, जिल्ला समन्वय समिति प्रमुख भगौती यादव (रुदल), नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका संस्थापक अध्यक्ष गुणनिधि तिवारी, महासंघका केन्द्रीय सदस्य केशव भण्डारी, संघका निवर्तमान अध्यक्ष ओमप्रकाश अग्रहरिलगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै नयाँ कार्यसमितिले निजी क्षेत्रको आवाजलाई अझ प्रभावकारी रूपमा उठाउने विश्वास व्यक्त गर्दै आगामी कार्यकालमा उद्योग, व्यापार, लगानी प्रवर्द्धन तथा स्थानीय आर्थिक विकासमा संघको भूमिका अझ प्रभावकारी बन्ने अपेक्षा व्यक्त गरेको निर्वाचन समितिका सदस्य राधेरमण पाण्डेयले जानकारी दिए।

# होल्डिङ सेन्टरका सुकुम्वासीलाई सरकारले भन्यो- तत्काल गृहजिल्ला र पालिकामा जानू

बुटवल । सरकारले काठमाडौँका विभिन्न होल्डिङ सेन्टरमा रहेका सुकुम्वासीलाई गृहजिल्ला जान भनेको छ। बुधबार भूमि समस्या समाधान समितिले सूचना जारी गरी होल्डिङ सेन्टरमा रहेका सुकुम्वासीलाई आफ्नो गृहजिल्लामा सम्पर्क गर्न भनेको छ।

सूचनामा भनिएको छ-'लाभग्राहीहरूको डिजिटल विवरणअनुसार तयार भएका निवेदन फारम र संलगन कागजातहरू समेतको पीडीएफ फाइल तयार गरी आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित जिल्ला समितिमा लेखी पठाई सकेको हुँदा सम्बन्धित जिल्ला समिति र पालिकामा यथाशिघ्र सम्पर्क गर्न जानुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।'

पहिलो चरणमा सरकारले २९ जना सुकुम्वासीको नाम सार्वजनिक गरेको छ । काठमाडौँका विभिन्न होल्डिङ सेन्टरमा रहेका उनीहरूको नाममा कतै पनि जग्गा नदेखिएको उल्लेख गरेको छ।

उनीहरूलाई जग्गा उपलब्ध गराइने समितिले जनाएको छ। त्यसका लागि सम्बन्धित जिल्लामा गएर सम्पर्क गर्न भनेको छ।

सरकारले गत बैशाखमा काठमाडौँका विभिन्न स्थानमा रहेका सुकुम्वासी बस्तीमा डोजर चलाएको थियो। सुकुम्वासीलाई विभिन्न होल्डिङ सेन्टरमा राखेको थियो । अहिले पनि होल्डिङ सेन्टरमै रहेका उनीहरूलाई अब सम्बन्धित जिल्लामै जान भनेको हो ।

# कांग्रेस सांसद शाहलाई तत्काल पक्राउ नगर्न सर्वोच्चको आदेश




बुटवल । नेपाली कांग्रेसका सांसद अभिषेकप्रताप शाहलाई तत्काल पक्राउ नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । न्यायाधीश अब्दुल अजीज मुसलमानको इजलासले शाहको नाममा जारी भएको पक्राउ पुर्जी तत्कालका लागि यथास्थितिमा राख्न आदेश दिएको हो ।

कृष्णनगर उद्योग वाणिज्य संघका अध्यक्ष सीताराम शर्मामाथि कुटपिटको आरोपमा कपिलवस्तु अदालतले शाहलाई पक्राउ गर्न प्रहरीलाई अनुमति दिएको थियो । सांसद शाहसहित कृष्णनगरका मेयर रजतप्रताप शाहविरुद्ध ज्यानसम्बन्धी मुद्दामा पक्राउ पुर्जी जारी भएको छ। साथै शर्मालाई पनि आपराधिक उपद्रवसम्बन्धी मुद्दामा पक्राउ पुर्जी जारी भएको छ।





आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं ।
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं ।
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं ।
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं ।
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

-जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com